# वराहक्षेत्र नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## चक्रघट्टी सुनसरी

## १ न. प्रदेश नेपाल

**प्रथम पटक प्रकाशित मितिः २०७७/०७/२६**

## शिलबन्दी दरभाउ पत्रको सूचना

यस नगरपालिकाको चालु आ. व. २०७७/०७८ को लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम Portable USG मसिन खरिद गर्ने कार्य शिलवन्दी बोलपत्रद्धारा गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक उत्पादन गर्ने कम्पनी तथा सप्लायर्सहरुलाई बोलपत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।बिस्तृत बिबरण सहितको सूचना यस कार्यालयको वेवसाईट **www.barahamun.gov.np** मा गई डाउनलोड गरी हेर्न वा नगरपालिकाको सूचना प्रविधि शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

**शर्तहरुः-**

१) बोलपत्र सम्बन्धि कागजात खरिद गर्न चाहने इच्छुक कम्पनि वा सप्लायर्सहरुले सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजेभित्र आ.व.२०७६/०७७ सम्मको नविकरण भएको ईजाजत प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्र,भ्याट दर्ता प्रमाण पत्रको प्रलिलिपी सहित विद्युतीय प्रणालीमार्फत बोलपत्र दाखिला गरिसक्नपर्नेछ ।
२) नियमानुसार पेश भएको बोलपत्रहरु ३१ औ दिनको २.०० बजे कार्यालय,ठेकेदार वा निजका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । ठेकेदार वा निजका प्रतिनिधीहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३) बोलपत्र खरिद बापतको रकम यस कार्यालयको चक्रघट्टी स्थित मेगा वैकमा रहेको संचित कोष खाता नं.०२२००१०११७३६८ मा दाखिला गरेको भौचर र जमानत बापतको रकम यस कार्यालयको चक्रघट्टी स्थित मेगा वैकमा रहेको धरौटी खाता नं.०२२००१०११७४०४ मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खोलिने मितिदेखि मान्य हुनेगरी कम्तीमा १२० दिन म्याद राखी बैक वा वित्तीय संस्थाहरुबाट जारी भएको (विडवण्ड) ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
४) बोलपत्रमा आफुले कवोल गरेको अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्ने छ । यदि अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
५) बोलपत्र स्वीकृत गर्ने,आंशिक स्वीकृत गर्ने,अस्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।
६) म्याद नाघी,रित नपुगी र सर्त राखी पेश भएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
७) बोलपत्र खरिद गर्ने ,पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट उक्त कार्यहरु गरिनेछ ।
८) कुनै एक फर्म वा संस्थाको नाममा खरिद भएको फारम अर्को फर्म वा संस्थाको नाममा पेश गर्न पाईने छैन ।
९) **Portable USG** मसिन आपुर्ति गर्दा सूचनामा उल्लेख भए अनुसारको स्पेसिफिकेसन बमोजिमको हुनुपर्नेछ ।
१०) सामाग्रीहरु यस कार्यालयको हाताभित्र आपुर्ति गर्नुपर्नेछ । साथै ढुवानी खर्च सम्बन्धित बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।
११) यसमा उल्लेख भए बमोजिम बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४( संसोधन सहित) अनुसार हुनेछ ।
१२) यस सम्बन्धमा अन्य कुराहरु बुझ्न परेमा कबिन्द्र रेग्मी फोन नं. ९८५११४५५५८ र अरुण कुमार मेहता ९८४२०५५०१६ मा सम्पर्क राख्न सकिनेछ ।
१३) यो सूचना कार्यालयको वेभसाईड www.barahamun.gov.np मा समेत राखिएको छ ।

**तपशिलः-**

| सि .नं | ठेक्का नं | कामको बिबरण | ल.ई. रकम (भ्याट सहित) | दरभाउ पत्र दस्तुर (रु) | धरौटी रकम (रु) |
|---|---|---|---|---|---|
| १ | BKM/NCB/22/ 2077/078 | Portable USG मसिन आपुर्ति गर्ने कार्य । | ७,००,०००।०० | १,०००।- | १७,५००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**